बैठक संख्या: १२४ (एक सय चौबिस)

समय: दिँउसो २:०० बजे

आज मिति २०८२ चैत १९ गते बिहीबार दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | [signature] |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | [signature] |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | [signature] |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | [signature] |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | [signature] |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | [signature] |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | [signature] |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | [signature] |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | [signature] |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | [signature] |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | [signature] |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | [signature] |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | [signature] |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

## १२४ औं कार्यपालिका बैठक (मिति २०८२ चैत १९ गते) को प्रस्तावनाहरुः

<u>प्रस्तावहरूः</u>

१. विगतको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन/समीक्षा सम्बन्धमा ।

२. १८ औं नगरसभाको कार्यसूचीमाथि छलफल सम्बन्धमा ।

३. कार्यविधि स्वीकृत सम्बन्धमा ।

क)लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि,२०८२

ख) बेरुजु फछ्यौट सम्बन्धी कार्यविधि,२०८२

४. विविध

क) राजश्व परामर्श समितिको राजश्व अनुमोदन सम्बन्धमा।

ख) प्राविधिक कर्मचारी समेतको अतिरिक्त भत्ता सम्बन्धमा।

ग) कृषि हाट बजार संचालन सम्बन्धमा ।

घ) चिस्यान केन्द्र निर्माण सम्बन्धमा ।

ङ) आय व्ययको समीक्षा सम्बन्धमा ।

च) वडा नं. ६ को स्वास्थ्य संस्था सञ्चालन सम्बन्धमा ।

छ) प्राङ्गारिक मल कारखाना सञ्चालन तथा सम्झौता सम्बन्धमा।

ज) नगरपालिकाको स्वामित्वमा रहेका सटरहरूको भाडा व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु:**

१.नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु सम्बन्धित शाखा प्रमुखहरुलाई विधि र प्रक्रिया पुऱ्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**२.नगर सभाका प्रस्तावित कार्य सूचीहरु निम्नानुसार छन्।**

**क)आयोजना तथा कार्यक्रम संशोधनः**नगरस्तरीय र वडा स्तरीय आयोजना तथा कार्यक्रमहरु तपसिल बमोजिम हुने गरी संशोधन गर्नु परेकोले उक्त प्रस्तावहरुमाथि गहन छलफल र विचार विमर्श गर्दा पेश भएका नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

**ख)विनियोजित बजेट रकमान्तरः** चालु आर्थिक वर्ष २०८२।०८३ का लागि विनियोजित तपसिल बमोजिमका चालु तथा पूँजिगत बजेटहरु तपसिल बमोजिम हुने गरी संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

ग)सहकारी ऐन,२०७४ को **प्रथम संशोधन**:सहकारी ऐन,२०७४ को दफा ७९ बमोजिम सहकारी संघसंस्थाहरुले सहकारी प्रवर्द्धन कोषमा राखेको रकम नगरपालिकाले उपलब्ध गराएको खातामा जम्मा गराई यसरी जम्मा भएको रकम सहकारी अभियानलाई थप व्यवस्थित र प्रभावकारी बनाई सहकारी सदस्यहरुको सर्वोत्तम हित गर्न आवश्यक भएकोले संस्थाको लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित सहकारी प्रवद्धन कोषमा रहेको भनिएको रकम नगरपालिकाको तोकिएको खातामा जम्मा गर्न लगाउने व्यवस्था गर्न उक्त ऐनको दफा ४९ (२) संशोधन गर्न आवश्यक भएकोले तपसिल बमोजिम हुने गरी ऐन संशोधनको प्रस्ताव पारित गर्न सर्वसम्मत निर्णय गरियो।

| क्र.स. | परिच्छेद | दफा | उपदफा | मौजुदा व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १० | ४९ | २ | उपदफा १ बमोजिमको कोषको उपयोग संघीय कानून व्यवस्था भए बमोजिम हुनेछ। | उपदफा २ पछि २ (क) थप गर्ने जसमा निम्न बेहोरा उल्लेख गर्नेः<br><br>उपदफा २ बमोजिम सहकारी प्रवर्द्धन कोषमा हालसम्म जम्मा भएको रकम र अबदेखि प्रत्येक आर्थिक वर्षमा लेखापरिक्षण प्रतिवेदनले यस कोषमा अभिलेख जनाएको रकम विदुर नगरपालिकाले उपलब्ध गराउन अनुरोध गरेको खातामा अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ। | नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुमा सानो सानो रकम जम्मा भई निष्क्रिय रहेकोले यसलाई नगरपालिकाको कोषमा जम्मा गरी सहकारी संस्थाहरुको हितमा उपयोग गर्दा सहकारी अभियान थप प्रभावकारी हुने। | काठमाडौं महानगरपालिकाले पनि यस किसिमको अभ्यास गरेको र प्रभावकारी भएको हुँदा। |
| | | | | | | | |

पेश गर्ने पदाधिकारीको नामः
पदः
दस्तखतः

प्रमाणित/स्वीकृत गर्ने
हस्ताक्षरः
नामः
पदः
कार्य
मितिः

घ) आर्थिक ऐन,२०८२ संशोधनः नगरपालिकाभित्रका पक्की सडकहरूमा खानेपानीको पाइपको वितरण लाइन मर्मत तथा नयाँ लाइन विस्तार गर्दा सडक खनी लामो समयसम्म मर्मत नगर्ने प्रवृत्ति देखिएकाले, यस्तो कार्य गर्ने नगरवासी, नागरिक तथा संघ–संस्थाबाट खनिएको सडक मर्मत सुनिश्चित गर्न लागत अनुमान बमोजिमको रकम धरौटी लिने साथै, लागत अनुमान तयारी, स्थलगत निरीक्षण, कार्यसम्पन्न प्रतिवेदन तयारी लगायतका प्रशासनिक कार्यका लागि प्रत्येक पटक रु. २,००० सेवा शुल्क लिने, उक्त सेवा शुल्क फिर्ता नहुने र धरौटी रकम कार्य सम्पन्न भएपछि प्राविधिक प्रतिवेदन पेश भएपश्चात् फिर्ता गर्ने व्यवस्था गर्ने। यसैगरी, नयाँ ट्र्याक खोल्ने कार्यका लागि सम्बन्धित व्यक्तिहरूले सबैको लालपुर्जा र ल्याप्चेसहितको लिखित सहमति अनिवार्य रूपमै नगरपालिकामा पेश गर्नुपर्ने, ट्र्याक खोलिसकेपछि लगत कट्टा गर्ने, तथा बाटोको अन्तिम बिन्दुमा रहेका व्यक्तिलाई संयोजक तोक्ने व्यवस्था गर्ने । उपरोक्त व्यवस्था समेटी आर्थिक ऐन, २०८२ आवश्यक संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ङ)लेखा समिति गँठनः आर्थिक अनुशासन कुशल वित्तीय व्यवस्थापनलाई मजवुत बनाई बेरुजु फछ्यौट र संपरिक्षणलाई प्रभावकारी तुल्याउन बेरुजु फछ्यौट सम्बन्धी कार्यविधि,२०८२ मा प्रथम बमोजिम एक जना संयोजक र दुई जना सदस्य रहने कानूनी व्यवस्था रहेको उक्त समिति नगर प्रमुखबाट प्रस्ताव भई नगरसभाबाट समिति गठनको निर्णय हुनु परेकोले तपसिल बमोजिम हुने गरी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

| | |
|---|---|
| १.श्री श्रीकृष्ण रिजाल | संयोजक |
| २.श्री रेवती चालिसे | सदस्य |
| ३.श्री सिता मिजार | सदस्य |
| ४.श्री प्रकाश बहादुर बोगटी | आर्थिक शाखा प्रमुख सदस्य सचिव |

**च) विषयगत समिति र नगर कार्यपालिका बैठकको निर्णयहरु र नगर प्रमुख स्तरीय निर्णयहरुको अनुमोदन;** विषयगत समितिहरुबाट विभिन्न मितिमा भएको निर्णय नगर कार्यपालिकाले सभाबाट अनुमोदन हुने गरी गरेका निर्णय र नगर प्रमुखबाट विभिन्न विषयमा चालु आर्थिक वर्षको आजको मितिसम्म भएका सबै निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

छ)अवकाश कोष स्थापनाः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहका स्थायी कर्मचारी अवकास पाउँदा निजलाई भुक्तानी दिनुपर्ने सेवा सुविधाको रकम उपलब्ध गराउन कोषको व्यवस्था गर्नु पर्ने कानूनी व्यवस्था रहेको र हालसम्म नगरपालिकाले यस किसिमको कोषको व्यवस्था नगरेको हुँदा प्रत्येक वर्ष कोषविहिन दायित्व बढ्दै गएकोले आन्तरिक स्रोतको प्रासिको आधारमा यस किसिमको कोषमा प्रत्येक वर्ष रकम जम्मा गर्ने यस्तो रकम (क) वर्गको बाणिज्य बैंकमा अवकाश कोष नामको बचत खाता खोली जम्मा गर्ने र अबकाश हुने कर्मचारीलाई भुक्तानी दिनुपर्ने रकम यही कोषबाट प्रचलित कानून बमोजिम नगर कार्यपालिकाको निर्णय समेतका आधारमा भुक्तानी दिने गरी सो कोष स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो।

ज)विविध

च) वडा नं. ६ को स्वास्थ्य संस्था सोही वडा अन्तर्गत इनारपाटी चैतारोस्थित दुध डेरीको (चिस्यान केन्द्र) भवनबाट अर्को उपयुक्त भवन निर्माणनभएसम्म अस्थायी रूपमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

छ) प्राङ्गारिक मल कारखाना सञ्चालनका लागि आर्थिक वर्ष २०८३/०८४ का लागि सम्झौता गर्ने, उक्त कारखाना प्रस्ताव पेश गर्दा उल्लेख गरिएको स्थानमा स्थापना/सञ्चालन गर्ने तथा आवश्यक बजेट असार महिनामा बस्ने सभाबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

ज) विदुर नगरपालिकाको स्वामित्वमा रहेका सटर प्रयोगकर्ताले नगरपालिकालाई पूर्व लिखित जानकारी वा औपचारिक सूचना नदिई सटर छोडेको अवस्थामा सम्झौता बमोजिमनै सटर छोडेको मितिबाट थप ३ (तीन) महिनासम्मको भाडा अनिवार्य रूपमा असुल गर्ने र खाली भएका सटरहरु भाडामा लगाउन सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो।